सबै प्रकाशन
सबै स्थानीय तहहरु र जि.प्र.का. मा जानकारी एवं कार्यार्थ पठाउने।


नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल: control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।


शा.सु. ०७८/०७९/०८

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ८२४

मितिः २०७८/०७/०८

विषयः अनधिकृत विदेशी नागरिक प्रवेश गर्न नदिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

प्रस्तुत विषयमा यस मन्त्रायको च.नं. ३१५ मिति २०७८/०५/१० गतेको पत्र मार्फत अफगानिस्तानबाट अनधिकृत रुपमा अफगानी नागरिकहरु नेपाल प्रवेश गर्न सक्ने सम्भावनालाई दृष्टिगत गरी सर्तकता अपनाउन लेखिएको भएता पनि हाल केही अफगानी नागरिकहरु अनधिकृत ढंगले नेपाल प्रवेश गरिसकेको वुझिएकोले सीमा नाकाहरुमा गरिने चेकजाँचलाई कडाई गरी अनधिकृत रुपमा कोही पनि विदेशी नागरिकहरु प्रवेश गर्न नदिने व्यवस्था मिलाउन आदेशानुसार अनुरोध छ ।

२०७८/०७/०८
..................
(गोपाल श्रेष्ठ)
शाखा अधिकृत

नेपाल सरकार
# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३१५

मितिः २०७८/०५/१०

विषयः निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सवै ।

मिति २०७८/०५/०९ गते विहान श्रीमान् सचिवज्यू र प्रमुख जिल्ला अधिकारीहरुबीच भर्चुअल बैठक सम्पन्न भई श्रीमान् सचिवज्यूबाट समसामयिक विषयमा सबै प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन भएको व्यहोरा विदितै छ । प्रमुख जिल्ला अधिकारी सम्बन्धित जिल्लाको लागि नेपाल सरकारको सर्वोच्च प्रतिनिधि भएको हुनाले राज्यको महत्वपूर्ण जिम्मेवारी सक्षम, निष्पक्ष, ईमान्दारी र जवाफदेही पूर्वक निर्वाह गर्ने सन्दर्भमा श्रीमान् सचिवज्यूबाट वैठकमा निर्देशन भएका तपसिलका विषयहरुको कार्यान्वयन गर्न गराउनु हुन मिति २०७८/०५/१० (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

तपसिल

१. शान्ति सुरक्षा तथा अपराध नियन्त्रणः

- जिल्लामा कार्यरत सुरक्षा निकायहरुबीच आपसी विश्वास र समझदारी कायम गरी सुरक्षा व्यवस्था मजवुत बनाउने ।
- जिल्लामा घट्न सक्ने आपराधिक गतिविधिको निगरानी र नियन्त्रण गर्ने ।
- आपराधिक पृष्ठभूमिका व्यक्ति तथा समूहको पहिचान गरी निगरानी बढाउने ।
- हिंसात्मक तथा आपराधिक घटना घट्न सक्ने स्थान, क्षेत्रको पहिचान विश्लेषण गरी सुरक्षा संवेदनशीलताको आधारमा सुरक्षाकर्मीहरु खटाउने ।
- विभिन्न संघ, संस्था, राजनीतिक समूह लगायतको नाममा हुनसक्ने चन्दा संकलनको निगरानी तथा नियन्त्रण गर्ने । त्यस्ता गतिविधिमा संलग्नलाई कानून वमोजिम कारवाही गर्ने ।
- अपराध पीडितको संरक्षण, अनुसन्धान र न्यायका लागि आवश्यक समन्वय र सहजिकरण गर्ने।
- सूचनाको प्राप्ति, विश्लेषण र आदन प्रदानमा विशेष जोड दिई विश्वसनीय र महत्वपूर्ण सूचनाहरु मन्त्रालयमा रिपोर्टिङ गर्ने ।
- विभिन्न चाडपर्वहरुको याम शुरु भएकोले जिल्लाहरुको विशिष्टताको आधारमा चाडपर्व केन्द्रित सुरक्षा योजना बनाई कार्यान्वयन गर्ने गराउने । चाडपर्वको क्रममा मानिसहरुको आवतजावत र भीडभाडका कारण कोरोना महामारी नियन्त्रण र रोकथाममा पर्न सक्ने नकारात्मक असरको न्यूनीकरणको लागि आवश्यक सतर्कता अपनाउने ।

नेपाल सरकार
# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

- चाडपर्वको समयमा कालोबजारी, रिलेबलिङ, मूल्यवृद्धि, जम्माखोरी लगायतका गैरकानूनी कार्यहरु हुनसक्ने सन्दर्भलाई ध्यानमा राखी नियमित बजार अनुगमन गरी उपभोक्ताहरु नठगिने व्यवस्था मिलाउने । त्यस्ता गतिविधिमा संलग्न जो कोहीलाई कानून बमोजिम कारवाही गर्ने ।

२. सेवा प्रवाह र विकास निर्माणमा **समन्वयः**

- कार्यालयबाट प्रवाह हुने सेवा सरल, सहज, गुणस्तरीय र प्रभावकारी रुपमा उपलब्ध गराउने।
- जिल्लामा रहेका नेपाल सरकारका कार्यालयहरुका अतिरिक्त प्रदेश सरकारका कार्यालयहरु र स्थानीय तहहरुसँग समेत समन्वय गरी सार्वजनिक सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन विशेष पहल गर्ने ।
- नागरिकका गुनासाहरु तत्काल उपयुक्त ढंगले सम्बोधन गर्ने व्यवस्था मिलाउने ।
- निश्चित समयको अन्तरालमा जिल्लामा कार्यरत सुरक्षा निकायहरु र अन्य कार्यालयहरु समेतलाई समेटी नागरिक सुनुवाई/सार्वजनिक सुनुवाई गर्ने, गराउने ।
- सुरक्षा, विकास र सुशासनलाई संयोजित रुपमा प्राथमिकतामा राखी विकास निर्माण कार्यमा आवश्यक समन्वय र सहजिकरण गर्ने जिल्लाका लागि अत्यावश्यक र रणनैतिक महत्व राख्ने पूर्वाधार तथा विकास निर्माणका परियोजनाहरुको पहिचान र कार्यान्वयनमा समन्वय र सहजिकरण गर्ने ।

३. विपद र कोभिड-१९ महामारी व्यवस्थापन

- जिल्लाको विपद् जोखिमको अवस्थाको विश्लेषण गरी विपद्को घटनाबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरणको लागि पूर्व तयारी र प्रतिकार्यको समन्वय र व्यवस्थापन गर्ने ।
- विपद्बाट पीडित परिवारलाई विपद् पीडित उद्दार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७ बमोजिमको राहत तत्काल उपलब्ध गराउने । राहत उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन कोषमा रकम न्यून भएमा अविलम्ब माग गर्ने ।
- कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणको लागि सक्रियता पूर्वक कार्य गर्ने । आवश्यकता अनुसार कोभिड-१९ संकट व्यवस्थापन केन्द्रबाट स्वीकृत स्मार्ट लकडाउन (Smart Lockdown) सम्बन्धी कार्यविधि, २०७८ बमोजिम स्मार्ट लकडाउनको कार्यान्वयन गर्ने गराउने । स्मार्ट लकडाउनको कार्यान्वयन गर्दा अन्तर आवद्धताको आधारमा छिमेकी जिल्लाहरुसँग समेत आवश्यक समन्वय गर्ने ।
- कोभिड-१९ विरुद्धको खोप कार्यक्रमलाई नेपाल सरकारको नीति र मापदण्ड बमोजिम प्रभावकारी वनाउन समन्वयन र सहजीकरण गर्ने ।

नेपाल सरकार
# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

४. अनुगमन तथा प्रतिवेदनः

- जिल्ला सदरमुकाम भन्दा बाहिरका विभिन्न स्थानमा गई वस्तुस्थिति, विकास निर्माणका कार्यहरु, समस्याहरु बुझ्ने, नागरिकहरुसँग अन्तरक्रिया गर्ने र समस्याहरुको समाधानका लागि समन्वय गर्ने ।
- जिल्ला राजश्व चुहावट अनुगमन समितिको नियमित बैठक राखी सीमा नाकाबाट हुने चोरी, तस्करी र अवैध आयात निर्यातको निगरानी र कडाईका साथ नियन्त्रण गर्ने ।
- जिल्लामा क्रियाशिल गैर सरकारी संघ, संस्थाहरुको कार्यक्रम र गतिवधिको निगरानी र अनुगमन गर्ने । धर्मका नाममा भएका अपारदर्शी लगानी र अतिवादी धार्मिक गतिविधिको निगरानी राख्ने ।
- मन्त्रालयलाई नियमित रुपमा गर्नुपर्ने प्रतिवेदन र जाहेरी प्रभावकारी ढंगले गर्ने । मन्त्रालयबाट माग भएका विवरणहरु तोकिएको समयभित्रै अनिवार्य पठाउने ।मन्त्रालयबाट आवश्यक छानविन र कारवाहीका लागि लेखी पठाइएका विषयहरु प्राथमिकताका साथ फछ्यौंट गर्ने ।

५. विविधः

- अफगानिस्तानमा विकसित पछिल्लो घटनाक्रमका कारण देशमा भित्रिन सक्ने शरणार्थीहरुबारे सजक रहने । अन्तराष्ट्रिय सीमाना जोडिएका जिल्लाहरुका सीमानाकाबाट हुने आवत जावतको अभिलेख राख्ने व्यवस्था मिलाउने । जिल्लामा पहिचान विहिन विदेशी नागरिकको अभिलेख राख्ने र त्यस्ता व्यक्तिहरुका गतिविधिको सुक्ष्म निगरानी गर्ने ।
- जिल्लाहरुबाट नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सुरक्षा इकाईहरु थप गर्ने सिफारिस र मागहरु अत्याधिक रुपमा आईरहेकोले त्यस सम्वन्धमा मन्त्रालयले आवश्यक मापदण्ड र नीति बनाउने योजना राखेको हुंदा हाललाई अत्यावश्यक नपरी सुरक्षा ईकाई थप गर्न सिफारिस नगर्ने ।
- अफगानिस्तामा रोजगारीका लागि विभिन्न माध्यमबाट गएका नेपालीहरुको नेपाल सरकारले उद्दार गरिरहेको व्यहोरा जानकारी नै छ । उद्दारको पर्खाइमा जिल्लाका नागरिकहरु कोहि रहेको भएमा सम्बन्धित स्थानीय तह र मातहतको प्रहरी इकाई मार्फत विवरण संकलन गरी उद्दारका लागि सहजीकरण गर्ने । त्यसैगरी हालको अफगानिस्तानको समस्यालाई दृष्टिगत गरी स्थानीय तहहरुसँग समेत समन्वय गरी वैदेशिक रोजगारीका लागि अन्य विभिन्न देशमा गएका नागरिकहरुको विवरण अध्यावधिक गर्ने गराउने ।
- कार्य सम्पादन सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु गुणस्तरीय र प्रभावकारी ढंगले गर्ने।

२०७८।५।१०
(फणिन्द्रमणि पोखरेल)
सहसचिव